## शिवालय गाउँपालिका अध्यक्ष श्री शेर बहादुर शाहीज्यूबाट प्रस्तुत आ.व. २०८१।८२ को लागि प्रस्तावित नीति तथा कार्यक्रम

सभाका उपाध्यक्षज्यू,
तथा सभा सदस्यज्यूहरु !

सर्व प्रथम मैले तेस्रो पटक यस शिवालय गाउँपालिकाको चौधौं गाउँ सभा बैठकमा आ.व. २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभामा पेश गर्न पाउँदा आफुलाई गौरव महसुस गरेको छु । यस सन्दर्भमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले पटक पटक गरेका ऐतिहासिक जनआन्दोलन र संघर्ष सम्झन चाहन्छु । ऐतिहासिक जनआन्दोलन र पटक पटकका संघर्षमा आफ्नो ज्यानको बलिदानी गर्ने ज्ञात अज्ञात महान शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पन गर्दछु । यसै क्रममा शहीद परिवार, घाइने, अपाङ्ग र बेपत्ता पारिएका व्यक्तिहरुलाई उच्च सम्मान प्रकट गर्न चाहन्छु र मिति २०८० साल कार्तिक १७ गते जाजरकोटको बारेकोट केन्द्रबिन्दु बनाई गएको विनासकारी भूकम्पबाट ज्यान गुमाएका सबैमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइते तथा अपाङ्गता भएका सबैको स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु।

सभाका उपाध्यक्षज्यू,
तथा सभा सदस्यज्यूहरु !

दीर्घकालीन सोच हासिल गर्ने अभियानमा शिवालय गाउँपालिका आवधिक योजना, विभिन्न क्षेत्रगत गुरुयोजना लिएका नीति, रणनीति, लक्ष्य, उद्देश्य र योजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्दै गरिबी निवारण, आर्थिक समृद्धि र सामाजिक रुपान्तरण सहितको समानुपातिक समावेशी विकास हासिल गर्ने दिशा तर्फ आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रम केन्द्रित हुनेछ।

आर्थिक मन्दीको चुनौतिलाई पन्छाउँदै दिगो विकास लक्ष्य प्राप्त गर्न गाउँपालिका प्रतिवद्ध रहेको छ। सामाजिक न्याय, सुशासन र समृद्धिसँगै शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारी, मानव संशाधन विकास र नागरिक शिक्षाको प्रवर्द्धनलाई गाउँपालिकाले प्राथमिकता दिएको छ।

सभाका उपाध्यक्षज्यू,
तथा सभा सदस्यज्यूहरु !
अब म शिवालय गाउँपालिकाको आ.व. २०८१।८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरु प्रस्तुत गर्दछुः-

१ नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु

२ नेपाल सरकारको चालु आवधिक योजनाका लक्ष्य, उद्देश्य, नीति र प्राथमिकताहरु र संघीय सरकारले अवलम्वन गरेका आर्थिक नीति तथा वित्तीय नीतिहरु

३ दिगो विकास लक्ष्य

४ कर्णाली प्रदेशको चालु आवधिक योजनाका लक्ष्य उद्देश्य नीति र प्राथमिकताहरु तथा आर्थिक नीति र वित्तीय नीतिहरु

५ शिवालय गाउँपालिकाले तर्जुमा गरेका आवधिक एवं क्षेत्रगत योजनाहरु

६ शिवालय गाउँपालिकाका वार्षिक समीक्षा प्रतिवेदनहरु

७ नेपाल सरकार पक्ष राष्ट्र भै विभिन्न समयमा जनाएका प्रतिवद्धताहरु

सभाका उपाध्यक्षज्यू
तथा सभाका सदस्यज्यूहरु
आगामी आ.व. २०८१।८२ लागि कार्यान्वयन गरिने क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १ आर्थिक विकास क्षेत्र

### क कृषि विकास शाखा तर्फ

१ कृषि तर्फ व्यवसायीकरण, विविधिकरण, आधुनिकीकरण, यान्त्रिकरण गरी तुलनात्मक रुपमा लाभका बाली उत्पादन र पशुपंछी पालनमा आत्मनिर्भर हुने नीति अवलम्वन गरिनेछ ।

२ **"बाँझो जग्गाको प्रयोग, उत्पादनमा सहयोग"** मुल मर्मलाई आत्मसाथ गर्दै बाँझो जग्गा छोड्ने प्रचलनलाई निरुत्साहित गर्न चिया तथा कफि खेतिमा विस्तार गरी किसानहरुलाई सहुलियत र प्रोत्साहन गरिनेछ ।

३ नेपाल सरकारले २०८०।०८१ देखि २०९१ सम्म कृषि दशकलाई कृषिमा लगानीको घोषणा गरेको छ । कृषि क्षेत्रमा कृषि क्षेत्रमा उपलवध अवसरको उपयोग गर्न शिवालय गाउँपालिकाले कृषि क्षेत्रमा लगानी गरी कृषिको व्यावसायीकरणमा आकर्षण गर्न आवश्यक कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।

४ मौरीपालन व्यवसायलाई प्रवर्द्धन र तेलहन बालीलाई प्रवर्द्धन खेति विस्तारमा जोड दिइनेछ ।साथै प्राकृतिक तथा अन्य कारणले वालीमा पुग्ने क्षतिको अनुकुल खेति प्रविधिको प्रयोग तथा वालीमा हुने महामारीको पहिचान र नियन्त्रणमा सहयोग गरिनेछ ।

५ वैदेशिक रोजगारवाट फर्किएका युवाहरुलाई आफ्नो सिप आफ्नै माटोमा लगाउ कार्यक्रम वनाई वांझो जग्गा उपयोग गरी चकलावन्दी खेति गर्ने युवाहरुलाई विशेष प्रोत्साहन गरिनेछ ।

६ ठाउँ अनुसार मौसमी तथा बेमौसमी सुहाँउदो विभिन्न जातका फलफूलका विरुवाहरु वितरण तथा वगैचा निर्माण गरिनेछ । साथै मसला जन्य र तरकारीहरु पालिकालाई आत्मा निर्भर गर्ने निति लिइनेछ ।

७ रैथाने वालि प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी पोषण सुधारका लागी लोपोन्मुख वाली र उच्च पौष्टिक वालीहरुको खेति विस्तार गर्ने निति अवलम्वन गरिनेछ ।

८ कृषिलाई आयमुलक, आधुनिक र मर्यादित पेशा तथा उत्पादनशिल व्यावसायिक विकासको रुपमा विकास गरिदै लगिनेछ साथै पकेट क्षेत्रहरु विस्तार गरिनेछ ।

९ संभावित तरकारी तथा फलफुल क्षेत्रको पहिचान गरी विउ, विजन अनुदान वितरण गर्ने र उत्पादन भएका वस्तुको बजार पहुँचको व्यवस्था, आन्तरिक खपत गर्ने र दिगो संरक्षणको लागि चिस्यान केन्द्रको व्यवस्था गर्न समन्वय गरिनेछ।

१० स्थानीय स्तरमा उत्पादन भएका कृषि उपज बस्तुहरुको बजारीकरणको लागि स्थानीय हाट बजारको व्यवस्था गरिनेछ।

**ख पशुपंछी विकास**

१ उन्नत नश्लका पशुहरुबाट नश्ल सुधार गरी पशुजन्य उत्पादनमा बृद्धि गरिनेछ।

२ उन्नत तथा पोषणयुक्त डाले घाँस तथा भुई घाँसको विउ तथा बिरुवा वितरणलाई निरन्तरता दिइनेछ।

३ पशुहरुमा कृतिम गर्भाधारण गरी नश्ल सुधार जोड दिइनेछ।

४ उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमहरु संचालन गरिनेछ।

५ पशु उपचार तथा रोग निदान प्रकृयालाई थप प्रभावकारी ढङ्गले संचालन गरिनेछ।

६ "गोठदेखि ओठसम्म स्वच्छ" कार्यक्रम संचालन नीति लिइनेछ।

७ व्यवसायिक पशुपालन कार्यक्रम संचालनमा युवाहरुको संलग्तामा जोड दिइनेछ।

८ उपयुक्त स्थानमा मत्स्यपालन व्यवसायलाई प्राथमिकता दिई आगामी वर्षदेखि मत्स्यपालन व्यवसाय शुरु गरिनेछ।

९ खेर गई रहेको शिवालय खोलाको पानीलाई उचित व्यवस्थापन गरी ठाँउ ठाउँमा पोखरी निर्माण गरी मत्स्यपालन व्यवसाय शुरु गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

१० पशुजन्य उत्पादनलाई ब्रान्डिङ गरी बजार प्रतिस्पर्धी गराउने नीति लिइनेछ।

११ गरिब तथा आर्थिक स्थिति कमजोर भएका कृषकहरुलाई विशेष अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ।

१२ पशु विमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

१३ किसान सूचीकरणबाट सूचीकृत वास्तविक कृषकहरु छनौट गरी अनुदान तथा व्यवसायलाई बद्धि गर्न विशेष अनुदान उपलब्ध गराइनेछ।

१४ पशुजन्य रोगहरुबाट हुने क्षति न्यूनिकरण गर्न वडा स्तरीय पशु स्वास्थ्य शिविर संचालन गर्ने नीति लिइनेछ।

१५ कृषकहरुलाई पशुपालन प्रविधि र सूचना आदान प्रदान सम्बन्धी तालिमहरु संचालन गरिनेछ।

१६ पालिका भित्र रहेका कृषि सहकारीहरुलाई यथोचित पहिचान गरी वास्तविक सहकारीलाई सशक्त बनाई सहकारी मार्फत नै सामुहिक पशुपालनलाई जोड दिइनेछ।

१७ कृषकको माग बमोजिम पशु औषधीहरु वितरण गरिनेछ।

१८ व्यवसायमूलक अण्डा उत्पादन, मासु उत्पादनमूलक व्यवसायलाई जोड दिइनेछ।

१९ कालिज, मृग र बदेल जस्ता वन्यजन्तु पशुपंछीलाई व्यवसायमूलक गर्ने उद्यमीलाई सहजीकरण गर्न आवश्यक पहल गरिनेछ।

**ग स्थानीय आर्थिक विकास**

१ स्थानीय आर्थिक विकासका क्रियाकलापलाई योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२ उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गर्नेछ ।

३ नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्ध्दन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन ।

**घ सहकारी**

१. शिवालय गाउँपालिका अन्तरगत संचालित सहकारी संस्थाहरुको क्षमता विकास गर्नको लागी सहकारी व्यवस्थापन तथा लेखा व्यवस्थापन तालिमा सञ्चालन गरिनेछ।

२. सहकारी संस्थाको नियमित नियमन तथा अनुगमन कार्यक्रम संचालन गरिनेछ।

३. शिवालय गाउँपालिका अन्तर्गत संचालित सहकारी संस्थाहरुको संचालनको अवस्था विश्लेषण गरी पुनः संचालन तथा खारेजी कार्यक्रम संचालन गरिनेछ।

**ङ रोजगार तर्फ**

१ रोजगार सेवा केन्द्रलाई स्थानिय नीति तथा कार्यक्रम मार्फत रोजगार शाखाको रुपमा आन्तरिकीकरण गरी रोजगारी सिर्जनाको लागी हव को रुपमा व्यवस्थित र प्रभावकारी वनाईनेछ।

२ शिवालय गाउँपालिकाका क्षेत्र भत्र बेरोजगार युवाहरु तथ्याङ्क संकलन गरी योग्यता र क्षमताको पहिचान र वर्गीकृत गरी सीपमूलक तालिमको व्यवस्था गर्न पहल गरीनेछ।

३ गाउँपालिकामा रहेको व्याप्त वेरोजगारी समस्यालाई मध्यनजर गर्दै रोजगारी सिर्जनाको लागी उत्पादनमुलक सीपमुलक,उद्यमशीलता विकास र स्वरोजगार कार्यक्रम संचालन गरिनेछ।

४ प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरी स्थानीय स्तरमा रोजगारी प्रवर्द्धनको लागी आवश्यक नीति,वजेट र कार्यक्रमको निर्माण तथा रोजगारी क्षेत्रको पहिचान,अवसर र खोजीमा प्राथमिकता दिइनेछ।

५ गठित रोजगार सम्वाद मञ्चको दायरा फराकिलो पारी रोजगार क्षेत्रको पहिचान गरी अवसरको खोजीलाई सरकारी, गैह्रसरकारी संघ, संस्था, निजी क्षेत्र लगायत साझेदार संस्था र रोजगारदाताहरु सँग आवश्यक परामर्श तथा समन्वय गरिनेछ।

६ रोजगारीमा खटिएको श्रमिकहरुको जिउ वा स्वास्थ्यलाई ध्यानमा राखी श्रमिकको स्वास्थ्य विमा र स्वास्थ्य सुरक्षा सामाग्रीको व्यवस्था गरिनेछ।

७ रोजगार कार्यक्रममा संग्लन व्यक्तिहरुको लागी रोजगार कार्यक्रम संचालन हुनु पुर्व अभिमुखीकरण तालिमको व्यवस्था गरिनेछ।

८ वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिको श्रम स्वीकृत,अभिमुखीकरण,परामर्श र सुरक्षित अप्रावासन सम्वन्धि सहजीकरण सेवा संचालन गर्न सकिनेछ।

९ रोजगारको खोजीमाम रहेका वेरोजगार व्यक्तिहरुलाई रोजगार विनिमय सेवा प्रदान गरिनेछ।

**च) लघु उद्यम विकास**

१ गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत स्थानीय संभावना श्रम सीप र प्रविधिको अत्याधुनिक दक्षतापुर्ण उपयोगी कार्यक्रम लागु गरी स्वरोजगार तथा आय आर्जन एवं सीपमुलक कार्यमा जोड दिइनेछ ।

२ पालिका भित्रका सामुदायिक वन क्षेत्रमा खेर गइरहेका काठको उपयोग गर्ने वन पैदावरमा आधारित उद्योग, नेपाली कागज उद्योग, अल्लो सिस्नो प्रशोधन, सिस्नो पावडर, गुराँस जुस, दालमोठ, बोइलर कुखुरा दाना, आलु चिप्स उद्योग, खानेपानी उद्योग र स्थानीय ढुङ्गाहरु उत्खनन् प्रशोधन उद्योग स्थापना र लगानीमा जोड दिइनेछ ।

३ कृषि, पर्यटन तथा अन्य क्षेत्रमा व्यवसाय संचालन गरिरहेका र नयाँ व्यवसाय शुरु गर्न चाहने महिला उद्यमीका लागि तालिम, प्रविधि हस्तान्तरण, बिउ पुँजी, सहुलियत ब्याज दरमा ऋण जस्ता प्रावधान र प्रविधि सहित **"उपाध्यक्ष महिला उद्यमी कार्यक्रम"** संचालनमा गरिनेछ ।

४ उद्योग दर्ता तथा नविकरणको प्रक्रिया सरलीकृत गरिनेछ ।

**छ) पर्यटन प्रवर्द्धन**

१ गाउँपालिका भित्र रहेका सम्भावित पर्यटकीय गन्तव्य स्थलहरुको पहिचान, विकास, प्रसार प्रसार, प्रोफाइल प्रकाशन गरी एकिकृत पर्यटकीय सर्किट विकास गर्दै आन्तरिक पर्यटनलाई बढावा दिइनेछ ।

२ वडाकाँडा, चिनेकुम्द, कचाली, मालिका, कोर्सिना, चिउदुवा, विउरेचुला र खामालेख पर्यटन सर्किटका लागि सम्भाव्य अध्यनन्न गरी आन्तरिक पर्यटकीय सर्किटको निर्माण गरिनेछ ।

३ शिवालय बृहत धामको उत्खनन् गरी नवनिर्माण र कल्याना कुटीको शिव मन्दिर र छेडा दोभान क्षेत्रको विकास गरी धार्मिक पर्यटक भित्र्याउने नीति लिइनेछ ।

४ शिवालय गाउँपालिका अन्तरगत शिवालय १ छेडा मोर्क खोला, शिवालय १ डाङ्गरखोला, शिवालय ३ सेवाला, शिवालय ५ कल्याना कुटी र शिवालय ६ स्यानी पिपलमा आधारभूत सुविधा सम्पन्न मसानघाट निर्माणका लागि पहल गरिनेछ ।

५ शिवालय वडा नं. १ को स्यापी बस्ती र वडा नं. ६ को सुगुरखाल होम स्टे विकास गरी आन्तरिक तथा बाह्य पर्यटनको विकास गरिनेछ ।

६ शिवालयको प्रवेशद्धार शिवालय १ र छेडागाड १३ जोड्ने झोलुङ्गे पुल निर्माणको लागि संघीय सरकारसँग अनुरोध गरिनेछ भने बन्जी जम्प (Banji Jump) निर्माणको लागि निजी क्षेत्रलाई आकर्षण गर्ने वातावरण तयार गरिनेछ ।

## २ सामाजिक विकास

### क) महिला वालवालिका,जेष्ठ नागरिक तथा लक्षित वर्ग

१ स्थानीय  स्तरम हुने सबै नीति निर्माण कार्यमा माहिलाको सहभागिता बृद्धि गरी सारभूत सहभागिता सुनिश्चित गरी असल अभ्यासको अनुरण गरिनेछ।

२ लैंगिक समानता सम्बन्धि नीति तथा कार्यक्रम तर्जुमा गरी सबै क्षेत्रमा समान रुपमा अबसर, पहुचँ, प्रतिफल र लाभ सुनश्चित गरिनेछ।

३ महिला श्रम र समयको बचत गर्ने प्रबिधिको प्रयोगमा जोड देइनेछ।

४ हिंसा पिडितको राहत, उद्धार, निशुल्क कानूनी सहायता मनोसामाजिक परामर्श र सपिमुलक कार्यक्रमको लागि आपतकालिन कोष स्थापना गरिनेछ।

५ घरेलु हिंसा, बाल बिबाह, लैङ्गिक हिंसा न्यूनिकरणको लागि बहस पैरवी तथा चेतनामुलक कार्यक्रमहरु पर्जुमा गरी लागु गरिनेछ।

६ बालबालिका तथा किशोरी बिरुद्ध हुने हिंसा, यौन दुरब्यवार, बालश्रम, बलत्कार जस्ता अपराध विरुद्ध शून्य सहनशिलता नीति अपनाई कानूनी सुधार गरिनेछ।

७ सडक बालबालिका अनाथ असहाय, अशक्त,अपांगता भएका र विशेष संरक्षणको आवश्यकता भएका व्यक्तिहरुको लागि स्वास्थ्य तथा सुरक्षाको लागि उपयुक्त मापदण्ड बनाई त्यस्तो सेवालाई सहज र प्रभावकारी बनाईनेछ।

८ आपतकालिन बाल राहत स्थापना र व्यवस्थापन गरिनेछ।

९ बाल क्लव, बाकसञ्जाल, किशिरी समुह बिस्तार गरी बालबालिका तथा किशोर किशोरीको अर्थपुर्ण सहभागिता बढाईनेछ।

१० जेष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई उपयोग गर्न अन्तरपूस्ता सीप हस्तान्तरण, छलफल र अन्तक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

११ जेष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुर्याएको योगदानको आधारमा सम्मान र आदर गरिनेछ।

१२ सबै प्रकारका अपांगता भएका ब्यक्तिको लागि उनीहरुको सहभागितामा अपांगमैत्री नीति निर्माण तथा कार्यक्रम तर्जूमा गरी कार्यान्वयन गरिनेछ।

१३ सार्बजनिक भौतिक संरचना पूर्वाधारहरु निर्माणमा तथा यातायातका सधान अपांगमैत्री बनाईनेछ।

१४ सबै प्रकारका अपांगता भएका ब्यक्तिहरुको लागि स्वास्थ्य उपचार सहयोगी सामग्रीको व्यवस्थापन र आयआर्जनका कार्यक्रम तर्जुमा गरी आत्मनिर्भर बनाईनेछ।

१५ महिला सञ्जाल, बालक्लब सञ्जाल र ज्येष्ठ नागरिक सञ्जाल सम्पूर्ण वडामा गठन गरी आवश्यक तालिम तथा कार्यक्रम गरिनेछ।

१६ मनोसामाजिक परामर्श तालिम दिई सकारात्मक सोचको विकास गरी सभ्य समाजको निर्माण गर्न पहल गरिनेछ।

१७ असहाय तथा जेष्ठ नागरिकहरुको संरक्षण गर्नको लागि धर्मशालाको व्यवस्थापन गर्न पहल गरिनेछ।

## ख. शिक्षा, युवा तथा खेलकूद

सर्वसुल, वोधगम्य, व्यावहारिककार्य उन्मुख सैद्धान्तिक तथा प्रयोगात्मक सहितको आधुनिक डिजिटल शिक्षा प्रणाली अपरिहार्य लक्ष्य सहितः

१. शिक्षालाई उच्च प्राथमिकताका साथ विगत भन्दा तुलनात्मक रुपमा सापेक्ष शिक्षा प्राणालीलाई लागु गरिनेछ।

२. विगत वर्षमा लागु भएको कक्षा १ देखि ८ सम्मका स्थानिय पाठ्यक्रम अनुसारको शिक्षा शिक्षणको प्रभाव मुल्यांकन गरि गुणात्मक स्तर कायम गर्न पहल गरिनेछ ।

३. शिवालय गाउँपालिकाको सवै तहका विद्यालयहरुको आवश्यकता पहिचान गरी प्रविधिमा पछि परेका विद्यालयरुलाई प्रविधि मैत्री वनाउन आवश्यक उर्जा तथा प्रविधिको व्यवस्थापन गरिनेछ। विगतको वर्षमा व्यवस्थापन तथा प्राप्त भएका प्रविधिहरुको प्रयोग भए नभएको निरीक्षण गरि प्रविधि संचालन गर्न आवश्यक पहल गरिनेछ।

४. सवै तहका शिक्षक शिक्षिकाहरु लाई आवश्यक शिक्षण तथा प्रयोगात्मक ज्ञान दिई शिक्षण सिकाईमा प्रभावकारिता ल्याईनेछ।

५. विद्यालयहरुमा वनेका विभिन्न पूर्वाधारहरु शौचालय,विद्यालय,भवन, प्रयोगशाला आदीको मुल्यांकन गरी पुर्वाधार नभएका विद्यालय तथा वाल शिक्षा कक्षाहरुको पुर्वाधार निर्माणमा पहल गरिनेछ।

६. शिवालय गाउँपालिका स्तरीय सामुदायिक विद्यालयहरुको शिक्षण सिकाई कार्यलाई शिवालय गाउँपालिकाको आर्थिक क्षमता, संघ र प्रदेश सरकारको सहयोग र अन्य संघ संस्थाहरुको सहयोगको आधारमा मात्र सिकाई अनुदान वितरण कार्य गरिनेछ । विगतका वर्षमा विनियोजन भई वेरुजु समेत आएको कुरालाई मध्यनजर गरि त्यसलाई न्यूनीकरण गरिनेछ।

७. शिवालय गाउँपालिकामा स्थायी बसोबास गरी डाक्टर, इन्जिनियर, वनविज्ञान, कृषि तथा पशु विज्ञान जस्ता विधामा स्नातक तह अध्ययन गर्ने गरिव, जेहेन्दार, दलित र जनजातीलाई प्राथामिकता सहित आवश्यक छात्रबृत्तीको

व्यवस्था गरिनेछ। त्यस्ता छात्रवृत्ती प्राप्त विद्यार्थीहरुले शिवालय गाउँपालिककालाई आवश्यकता भएको खण्डमा कम्तीमा १ वर्ष सेवा गर्नु पर्नेछ ।

८. शिवालय गाउँपालिकाबाट राजपत्र अनंकित प्रथम तथा अधिकृत स्तरको पदमा लोकसेवा आयोगबाट नाम निकाल्ने व्यक्तिलाई कदर स्वरुप पुरस्कारको व्यवस्था गरिनेछ। र शिवालय गाउँपालिकाबाट दश जोर दुई पास गरेका लगायत विद्यार्थीलाई लोकसेवा दिने परिक्षार्थी लाई पनि आवश्यक रकमको व्यवस्था गरिनेछ ।

९. शिवालय गाउँपालिकको शिक्षा समितिको प्रभावकारिता लाई जोड दिईनेछ ।

१०. शिवालय गाउँपालका स्तरीय अध्यक्ष कप रनिङ्ग शिल्ड प्रतियोगतिलाई थप प्रभावकारी वनाईनेछ ।

११. बालशिक्षा कक्षा देखि मा वि सम्म सवै तहका शिक्षकहरु लाई राजनीतिमा संलग्न भई पठन पाठन कार्यमा अवरोध गरे कानुन बमोजिको हदै सम्म कार्वाही गरिनेछ । त्यस्ता शिक्षक, शिक्षिका तथा कर्मचारीहरुको आवश्यक फोटो, भिडियो र अन्य प्रमाण उपलव्ध गराई सुचना दिने व्यक्तिलाई प्रोत्साहन स्वरुप पुरस्कृत दिईनेछ ।

१२. प्रत्येक विद्यालयमा खेल मैदान, बगैचा र घेरावार जस्ता पूर्वाधारको निर्माणमा विशेष जोड दिइनेछ।

१३. आधारभूत तथा माध्यामिक तहका सवै विद्यालयहरुमा प्रयोगात्मक कक्षा संचालनका लागि प्रयोगशालाहरुको सर्वसुलभ तथा अनिवार्य निर्माण व्यवस्थापन गर्ने नीति लिइनेछ ।

१४. विद्यालय स्तरीय वक्तित्वकला ,हाजिर जवाफ प्रतियोगिता, हिज्जे, निवन्ध प्रतियोगिता जस्ता श्रृजनात्मक क्रियाकलापहरुलाई अन्तर विद्यालय प्रतिस्पर्धा गराई उचित पुरस्कृत गर्ने परीपाटीको संस्थागत विकास गरिनेछ ।

१५. प्रत्येक विद्यालयका शिक्षक, शिक्षिका तथा कर्मचारीहरुको मासिक कार्य सम्पादन मुल्यांकन शिक्षा शाखामा बुझाई शिवालय गाउँपालिकाकालाई आवश्यक जानकारी दिनुपर्नेछ । विदा वस्नु परे वा कतै जानु परेमा प्र अ वा विद्यालय व्यवस्थापन समितिवाट प्रक्रिया पुरा गरि लिखित पत्र लिई जानुपर्नेछ । पठन पाठन तथा विद्यालय प्रशासनलाई असर नपर्ने गरि व्यवस्थापन गरेर जानु पर्नेछ ।

१६. आ व २०८१।०८२ को पहिलो चौमासिक भित्रै सबै तहका दरवन्दी, विद्यार्थी संख्या, कर्मचारी प्रयाप्त भौतिक पूर्वाधार तथ्याङ्क लिई विद्यालय गाभ्ने, दरवन्दी मिलान गर्ने तथा औचित्यहिन भएका शिक्षण संस्था खारेज गर्ने नीति अवलम्बन गरिनेछ।

१७. प्रत्येक विद्यालयमा सांस्कृतिक साधन, खेलकुद व्यवस्थापन, संग्राहलय ,लाईब्रेरी, उपचार कक्ष, पाकशाला जस्ता अतिरिक्त क्रियाकलापको व्यवस्थापन गरिनेछ ।

१८. सवै तहका परीक्षालाई मर्यादित र अनुशासित वनाईनेछ र अवान्छित क्रियाकलाप संलग्न निरीक्षक, परिक्षक कर्मचारी र परिक्षार्थीलाई कडा भन्दा कडा भन्दा कारवाही गर्ने नीति लिइनेछ।

१९. हालको शिवालय गाउँ शिक्षा समितिको कार्य प्रगति सन्तोषजनक नरहेकोले उक्त समिति विगठन गरिनेछ । उक्त समिति विगठन गरि नयाँ समिति गठन गरिनेछ ।

२०. शिक्षा इकाई महत्वपुर्ण कार्य शिक्षक सरुवा बैठक, दरवन्दी मिलान, थप कटौती लगायत शिक्षा विकास र प्रवर्द्धन सम्वन्धि विभिन्न कार्यहरु समितिवाट छलफल गराउन व्यवस्था मिलाईनेछ ।

२१. शिवालय गाँउपालिकाको वढ्दो नितिगत वेरोजगारीलाई कम गर्न दरवन्दी वितरण प्रणालीलाई एकरुपता ल्याईनेछ ।

२२. शिवालय क्याम्पस संचालनको लागि आगामी आर्थिक वर्षमै उचित नीति तथा कार्यक्रम ल्याइनेछ ।

२३. संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न विकास साझेदार निकायको सहयोग र समन्वयमा भूकम्पबाट क्षतिग्रस्त शैक्षिक पूर्वाधारहरुको पुनःनिर्माण गर्दै लगिनेछ।

**<u>ग. स्वास्थ्य, आयुर्वेद तथा योग शिक्षा</u>**

१. दश शैया अस्पताल संचालनका लागि आवश्यक जनशक्ति, मेडिकल उपकरण र औषधि ब्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

२. स्वास्थ्य संस्थाहरुमा बाह्रै महिना औषधि उपकरण र औषधि जन्य सामाग्रीहरुको अभाव हुन नदिन आवश्यक ब्यवस्था गरिने छ।

३. आधारभुत स्वास्थ्य सेवालाई भरपर्दो जनमुखी र प्रभावकारी बनाइने छ।

४. गाउँपालिकाले एम्वुलेन्सवाट प्रदान गरिने सेवा सर्वसुलभ दरमा सेवा निरन्तर गरिने छ । सुत्केरी महिला, गर्भवती महिला, दुर्घटनामा परेका, असाहाय, टुहुरा, जेष्ठ नागरिक र गरिव बालबालिकालाई उच्च प्रथामिकता राखि सहुलियत सेवा उपलब्ध गराईने छ ।

५. महिलाको आङ खस्ने, पाठेघर क्यान्सर, आखाँ, हाडजोर्नी, मुटुरोग र जेष्ठनागरीक  स्वास्थ्य जाँच लगाएतका अति आवश्यक बिशेषज्ञ सेवाको लागी एकिकृत स्वास्थ्य  शिविर संचालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

६. स्वास्थ्य संस्थाहरुमा न्यूनतम् तलब भएका कर्मचारीहरुको पारिश्रामिक मा एकरुपता ल्याउन सुविधा बृद्धि कार्यलाई निरन्तरता दिइनेछ।

७. शिवालय गाउँपालिकाकमा संचालित तीन वटा स्वास्थ्य संस्थाका प्रसुति गृहलाई ब्यवस्थित गर्न आवश्यक बजेट बिनियोजित गरिनेछ।

८. समुदायिक महिला स्वास्थ्य स्वामसेबिकालाई मासिक रुपमा दिइने रु एक हजार को प्रोत्साहान रकमलाई निरन्तरता दिइनेछ ।

९. शिवालय गाउँपालिका भित्र प्रशुति गृह संचालन भएका स्वास्थ्य संस्थावाट नेपाल सरकारबाट तोकिएको नीति अनुसार ८ पटक गर्भ जाँच गराई स्वास्थ्य संस्थामै सुत्केरी हुने आमाहरु संग उपाध्यक्ष भेटघाट कार्यक्रम मार्फत पोषणयुक्त खानेकुरा, न्यानो सोल र शिशुलाई न्यानो कपडा बितरणको ब्यवस्था मिलाइनुको साथै आमालाई यातायात खर्चको ब्यवस्था मिलाउनको लागी आवश्यक व्यवस्था गरिनेछ।

१०. सबै किसिमका बिद्यालयमा प्रथामिक उपचार किट बितरणको ब्यवस्था मिलाईने छ ।

११. स्वास्थ्यकर्मिको क्षमता अभिबृद्धि गर्नका लागी आवश्यक पर्ने सबै किसिमका आधारभूत तालिमको लागि पहल गरिनेछ।

१२. शिवालय गाउँपालिका भित्र रहेका स्वास्थ्य सस्थाहरुमा आवश्यकता अनुसार पुर्वाधार निर्माण, स्वच्छ पिउने पानी र घेरावारको ब्यवस्था मिलाईने छ ।

१३. स्वास्थ्य संस्थाहरुको  सेवा प्रवाह र प्रतिबेदन कार्यमा  सहजिकरणको लागि सबै  स्वास्थ्य संस्थाहरुमा इन्टरनेट तथा बिद्युतिय सामग्रीहरुको ब्यवस्था मिलाइने छ ।

१४. जनप्रतिनिधि, कर्मचारी र स्थानीय जनताको लागि योग शिविर संचालन गरिने छ ।

१५. सबै मा.बि.हरुमा आयुर्बेद तथा योग शिविर संचालन गरिने छ।

१६. 'एक घर पाँच योग, पाँच जडिबुटि' कार्यक्रम संचालनगरिने छ।

१७. स्वास्थ्यकर्मिको क्षमता अभिबृद्धि गर्नका लागि अध्ययन अवलोकन भ्रमणको ब्यवस्था गरिने छ ।

१८.शिवालय गाउँपालिकाका बिभिन्न वडाहरुमा भवन निर्माण सम्पन्न भई सकेका सामुदायिक स्वास्थ्य इकाईहरु क्रमशः संचालनको लागी आवश्यक पहल गरिने छ ।

१९. मानसिक स्वास्थ्य तथा मनोसामाजिक परार्मश सम्बन्धी समुदाय स्तरमा कार्यक्रम संचालन गर्न मनोपरार्मशकर्ताको व्यवस्था गरी समुदायहरुमा अभिमूखिकरण तथा जनचेतना मूलक कार्यक्रमको व्यबस्था गरिनेछ ।

**घ) बहुक्षेत्रीय पोषण**

१. नेपाल सरकारको वहुक्षेत्रीय पोषण योजना तेस्रो कार्यान्वयनको लागि लक्षित वर्ग पहिचान गरी पोषण विशेष तथा पोषण संवेदनशील कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२. पोषणमैत्री स्थानीय शासन अवलम्वन गर्दै आगामी ३ वर्ष भित्र गाउँपालिकालाई पोषणमैत्री स्थानीय तह घोषणा गर्ने गरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

३. मानव जीवनचक्रमा पोषणको अवस्था सुधार गर्न बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत प्राणालीगत पद्धतिलाई आत्मसाथ गर्दै वर्ग केन्द्रित पोषण सुधारको अभियान सञ्चालन गरिनेछ । यसको लागी नेपाल सरकारवाट प्राप्त हुने सशर्त अनुदानको साथै स्थानीय तहबाट समेत थप श्रोत विनियोजन गरिनेछ।

४. गाउँपालिकाले महिला किशोरी र वालवालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन नेपाल सरकारको प्राथामिकता प्राप्त वहुक्षेत्रीय पोषण योजनालाई प्राथामिकताका साथ यस पालिकामा कार्यान्वयन गरी सवै विषयगत तथा क्षेत्रगत शाखाहरुवाट पोषण तथा खाद्य सुधारका लागी तोकिएको क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

५. वहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका उपलव्धी तथा प्रतिफल प्राप्तीको लागी संघिय र प्रदेश सरकारको साथै विषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर लक्षित र संवेदनशील क्रियाकलापहरु संचालन गरिनेछ। महिला वालवालिका लक्षित कार्यक्रम मर्यादित महिनावारि सानै छु वढ्न देउ वाल विवाह होईन पढ्न देउ अभियान खोप कार्यक्रम वाल मैत्री स्थानीय शासनमा वहुक्षेत्रीय पोषणयोजनालाई समावेश गरिदै लगिनेछ।

६. वहुक्षेत्रीय पोषण योजना अन्तरगत पोषण मैत्री स्थानीय शासन (Nutritional Friendly Local Governance - NFLG) अवलम्वन गर्न र आगामी ४ वर्ष भित्र यस पालिकालाई पोषण मैत्री स्थानीय तह घोषणका लागी विशेष अभियान संचालन गरि वडा घोषणा अभियानलाई विशेष प्राथमिकतामा राखी कार्य गरिनेछ।

## ३ पूर्वाधार विकास तथा यातायात

**क) सडक पूर्वाधार र यातायात**

१ शिवालय गाँउपालिका स्तरिय Shivalaya Ring Road (SR Road) र वडा नं, १ देखि ९ सम्म वडा जोड्ने Great Ring Road (GR Road) को बाँकि खण्ड जोड्ने र ट्र्याक खोलेको खण्डलाई स्तरोन्नती गरी यतायात सेवालाइ पहूँच योग्य वनाउने नीति लिईने छ।

२ प्रत्येक वडा कार्यालय लगायत अन्य क्षेत्रमा बनेका सडकलाई मापदण्ड अनुसारको बनाई जाली नाली र ढल निकासको ब्यवस्था गर्ने योजना ल्याईने छ।

३ छेडा कचाली सडकको सबै खण्डमा कालोपत्रे गर्न आवश्यक पहल र समन्वय गरिने छ।

४ छेडा-कचाली, शिवालय ८ र ९-छेडा नगरपालिका, कल्याण-चिउँदुवा, कल्याण- चिनेकुम्द सुयडा, थाला-कचाली, शिवालय-डुँग्रा, शिवालय-नेपा, चिप्लेकाँध, खनेटा, शिवालय-ताँगा-चिउँदुवा,मयलतडा-लिस्पानी, खामालेख-वालुवा वडाकाँडा, बस्नेवडा-पाखा-लिस्पानी-जुँगा, शिवालय-राख्मा-खनेटा,भम्प आले सडकलाई ट्र्याक खोल्ने तथा स्तरोन्नती गर्ने कार्यलाई आवश्यक पहल गरिनेछ।

५ स्थानीय पुर्वाधार विकासको दिगोपनाको लागि मर्मत सुधार कोष स्थापना गरिनेछ।

६ साना सिँचाई, पोखरी निर्माण तथा खानेपानी, रोजगारि मुलक कृयाकलापमा जोड दिईने छ।

**ख) भवन निर्माण र शहरी विकास**

१ २०८० साल कार्तिक १७ गते गएको विनासकारी भूकम्पको कारण क्षति भएका सार्वजनिक भौतिक पूर्वाधार तथा निजी घरहरुलाई भूकम्पबाट जोखिम रहित बनाउन जनताको सुरक्षित बसोबास तथा सार्वजनिक भवन निर्माणको लागि पहल गरिनेछ।

२ घर नक्शा स्वीकृति गर्दा भूकम्प प्रतिरोधी संरचना निर्माणको स्वीकृती गर्ने नीति अवलम्बन गरी अनिवार्य रुपमा लागु गरिनेछ।

३ सार्वजनिक स्थल, मठ मन्दिर, स्थानीय सडक, रणनीतिक सडक, सबै सडकको आवश्यक मापदण्ड भित्र भवन बनाउन पाइने छैन र मापदण्ड भित्र परेका सबै घर टहराहरु भत्काई सडक तथा सार्वजनिक स्थलको संरक्षाण गरिनेछ।

४ छेडा कचाली सडक अन्तरगत छेडा बजार, मोर्क बजार, शिवालय, ढिगाले, बडाखेत, टुनीबगर र कचाली साना बजार क्षेत्रलाई व्यवस्थित बजार बनाई शहरीकरण गरिदै लगिनेछ।

५ आले, खनेटा, देउली, चिउदुवा, बालुवा, वडाकाँडा जस्ता क्षेत्रमा स्थानीय बजारको व्यवस्थापन गरिदै लगिनेछ।

६ शिवालय गाउँपालिका वडा नं. ३, ४, ५ र ६ का वडा कार्यालय भवनहरु आगामी आ.व. मा सम्पन्न गरिनेछ।

७ अधुरा रहेका स्वास्थ्य चौकी भवन, प्रसुती गृह भवन र विद्यालय लगायत भवनहरुलाई पनि द्रुत गतिमा निर्माण गरिनेछ। शिवालय अस्पताल भनव सम्पन्न गरी प्रविधिको आवश्यक व्यवस्थापन गरिनेछ।

८ शिवालय गाउँपालिका भित्र छाडा पशु चौपायाको व्यवस्थापनको लागि आवश्यक गौशाला निर्माणको पहल गरिनेछ।

९ शिवालय गाउँपालिकाका युवा युवतीहरुलाई मेसिनरी तालिम, ढुङ्गा कटान लगायतका भवन निर्माण सम्बन्धी तालिमको लागि पहल गरिनेछ।

१० परम्परागत शैलीको संरक्षण गर्दै गाह्रो माटो लगायर बनाएका जोखिम पुर्ण घरहरु पुर्ण विस्तापित गरी सुरक्षित भवन नव निर्माणको नीति लागु गरिनेछ।

**ग) खानेपानी तथा सरसफाई**

१) **"घरघरमा स्वच्छ पानीको धारा, शिवालय सरकारको अभिभारा"** संकल्पलाई कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकार, शिवालय गाउँपालिका र अन्य विकास साझेदार निकायको समन्वय र साझेदारीमा एक घर एक स्वच्छ खानेपानीको धाराको व्यवस्था गरिनेछ ।

२) शिवालय केन्द्रको बढ्दो बजारीकरण र पिउने पानीको अभावलाई मध्येनजर गरी बृहत शिवालय खानेपानी गूरु योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

३) सतहगत खानेपानीको सुविधा नपुगेका बस्ती र स्थानमा आकाशे पानी संकलन विधि वा लिफ्ट विधिबाट खानेपानीको सुविधा उपलब्ध गराइने छ ।

४) खानेपानीमा प्रयोग भएका मुहानहरुको गुणस्तर जाँच गरी स्वस्थ र स्वच्छ खानेपानी उपलब्ध गराइनेछ ।

५) सबै घरधुरीहरुमा गुणस्तरीय शौचालय निर्माण र प्रयोगको लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने र आगामि आर्थिक वर्ष भित्र सबै वडाहरु पुर्ण सरसफाइ युक्त वडा घोषणा उन्मुख बनाइने छ ।

६) निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरु नेपाल सरकारको खानेपानी तथा ढल निकास विभागको MIS System मा आवद्ध गरिनेछ ।

**घ) ग्रामीण विद्युतीकरण र बैकल्पिक उर्जा**

१) आगामी आर्थिक वर्ष भित्रै गाउँपालिकाका सबै वडाहरुमा केन्द्रीय विद्युत लाइन जडान गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

२) केन्द्रीय लाइन पुग्न नसकेका विकट टोल र बस्तीमा सौर्य उर्जा, बायो ग्यास जस्ता बैकल्पिक उर्जाका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

३) “शिवालय उज्यालो” कार्यक्रमको लागि ग्रामीण विद्युतीकरण विभाग तथा विकास साझेदार निकायसँग समन्वय र साझेदारी गरिनेछ ।

**ङ) सूचना तथा संचार**

१) आगामी वर्ष भित्रै नेपाल टेलिकमको फाइवर सेवा मोर्क बजार र गाउँपालिका केन्द्रमा ल्याउने व्यवस्था गरिनेछ

२) नेपाल टेलिकमको 4G सेवाको विस्तारको लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ ।

३) शिवालय गाउँपालिका अन्तरगत विभिन्न कार्यालय, शाखा, स्वास्थ्य संस्था र इकाईहरुबाट प्रवाह हुने सेवाहरुलाई सूचना प्रविधिमैत्री बनाइने छ ।

**च) <u>सिंचाई</u>**

१. शिवालय गाउँपालिकाको सिंचित क्षेत्रको संभावना रहेको खेतियोग्य जमिनलाई प्राथमिकता दिई सतह सिंचाई कुलो तथा लिफ्ट सिंचाई प्रविधिबाट सिंचाई सुविधा उपलब्ध गराइ कृषकहरुको आय स्तरमा बृद्धि गरिने छ

२. सिंचाई सुविधा उपलब्ध हुन सक्ने खेती योग्य जमिन र सिंचाई सुविधा उपलब्ध हुन नसक्ने खेती योग्य जमिनको एकिन गरी बैकल्पिक सिंचाईका प्रविधिहरुलाई आयात गरिनेछ ।

३. प्रयाप्त पानीको स्रोत भएको तर सिंचाईबाट उत्पादन र उत्पादकत्व कमी हुने जमिनमा माछापालन तथा अन्य खती प्रणालीमा प्रोत्सहान गरिने छ ।

४. सिचाई पोखरी र थोपा सिंचाई प्रणालीमा विशेष प्राथमिकता दिई कार्यक्रम ल्याईने छ ।

## ४) वन, वातावरण, जलवायु परिवर्तन तथा विपद व्यवस्थापन

१ शिवालय गाँउपालिकालाई वातावरणमैत्री बनाउन थप रिचार्ज पोखरी निर्माण, वृक्षारोपणमा बृद्धि,भू-क्षय तथा कटान रोकथाम, बाढिपहिरो नियन्त्रण, वन जंगल विनासको रोकथाम, अवैध काठको ओसार पसार नियन्त्रण गर्न तथा Bio- engineering को व्यवस्था मिलाइनेछ।

२ पार्क, मठ मन्दिर, विसौनी, सुख्खा खुल्ला क्षेत्रमा वर, पिपल, स्वामी, लाकुरी, गुलमोहर र पारिजात जस्ता वृक्ष लगाई पर्यावरणको संरक्षण गरिनेछ।

३ सामुदायिक वन उपभोक्ता समितिको वन पैदावार विक्रि तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्ययोजना वनाइ गाँउपालिकाबाट स्विकृत गराउनु पर्ने नीतिलाई कडाईका साथ लागु गरिनेछ र विगतका वर्षमा कार्यक्रम स्विकृत भए नभएको पुष्टायाई गरि आवश्यक कानूनि दायरामा ल्याइने छ।

४ जलवायु परिवर्तन र यसबाट पर्ने असर प्रभावको लागि आवश्यक कार्ययोजना बनाई लागु गरिने छ।

५ जानी जानी वन डडेलो लगाउने, जथाभावी फोहोर फ्याक्ने, रक्सि वियरको सिसि वोतलहरु सुरक्षित व्यवस्थापन नगरी वातावरण प्रदुषण गर्ने व्यापारी, व्यक्ति सबै उपभोक्तालाई आवश्यक कानूनी दायरामा ल्याईने छ।

६ नदिमा करेन्ट प्रवाह गरि जलिय जिवको नास गर्ने गराउनेलाई कारवाही गरिनेछ,त्यस्तो कार्य गरेको सुचना गर्ने व्यक्ति वा संस्थालाइ उचित पुरस्कारको व्यवस्था गरिने छ।

७ शिवालय गाँउपालिका क्षेत्र भित्र आएका पानीका मुहानको संरक्षण, बाढी पहिरोबाट पुरिएको जलभण्डारको निर्माण गर्ने नीति लिइने छ।

८ शिवालय पालिका वनभित्र र जंगलमा रहेका सडे गलेका काठहरु संकलन गरि बिक्रि वितरण गर्न आवश्यक पहल गरिनेछ।

९ विनासकारी डढेलो नियन्त्रण गरि धन जन र व्यक्तिगत र सामाजिक सम्पत्तिको संरक्षण गर्न आवश्यक व्यवस्था गरिने छ।

१० शिवालयको जलाधार क्षेत्रहरुः विउरेचुला, कोशेटाकुरा, मालिका, घोडाछाल, ताँगाचुला, कोर्सिना, बुरुसे, कचाली, चिनेकुम्द र खामालेख क्षेत्रको अव्यवस्थित वसोवास र जगंल फडानीलाई रोकथाम गरी संरक्षण गरिनेछ।

११ गिट्टि, वालुवा, ढुँगा, माटो लगायतको दोहन रोक्न वातावरणीय प्रभावको अध्ययन गरी करको दायरामा ल्याई निर्माण कार्यमा प्रयोगमा ल्याइने छ र अति दोहन भएको ठाउँमा रोकथामको गरिनेछ।

१२ विभिन्न विकास साझेदार निकाय तथा संघ संस्थाको साझेदारीमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना स्वीकृति गरी कार्यान्वयन गर्नुका साथै जलवायु उत्थानशील पालिका घोषणालाई जोड दिइनेछ।

१३ विभिन्न विकास साझेदार निकाय तथा संघ संस्थाको साझेदारी र समन्वयमा विपद् उद्दार तथा प्रतिकार्य सम्बन्धी सामग्रीहरुको व्यवास्था मिलाइनेछ।

१४ पालिका स्तरीय विपद् व्यवस्थापन समिति र वडास्तरीय विपद् व्यवस्थापन समितिलाई क्रियाशिल बनाई विपद् प्रतिकार्यमा परिचालित गरिनेछ।

## ५. संस्थागत विकास, न्याय सम्पादन, सेवा प्रवाह र सुशासन

१ शिवालय गाउँपालिकाका पञ्जिकरण शाखाका कायरत कर्मचारीहरुलाई संघिय सरकारले ब्यहोर्ने बजेटमा स्थानीय तहले बाँकी बजेटको ब्यबस्थापन गर्नुका साथै स्थानिय तहको कार्यबिधि लाई संशोधन गरी स्थानियतहमा आन्तरिकरण गर्ने ब्यबस्थापन गरिर्ने छ।

२ सामाजिक सुरक्षा अभिलेख व्यवस्थापनमा सुचना प्रविधिको प्रयोग गरी अद्यावधिक गर्न बाँकी रहेका ब्यक्तिहरुको पुरानो अभिलेख Digitalizationको ब्यवस्थापन गरीनेछ।

३ सामाजिक सुरक्षा भत्ता वितरणमा बैंकिङ क्षेत्रको संलग्नता अभिवृद्धि गर्ने र सेवालाई सरल सहज र पहुँचयोग्य बनाउन १ देखि ९वटै वडाका सचिबहरु सहितको क्षमता अभिबृद्धि तालिम ६ महिनामा एक पटक संचालन गरिने छ।

४ सामाजिक सुरक्षा भत्ता वितरण कार्यको प्रभाबकारी अनुगमन तथा मुल्याङकन प्रणालीलाई व्यवस्थित गरिने छ।

५ आगामी आर्थिक वर्षदेखि बायोमोट्रिक भेरिफिकेशन प्रणाली लागु गर्ने नीति लिइनेछ।

६ गाउँपालिकाको बस्तुस्थिति विवरण अध्यावधिक, आवधिक योजना अध्यावधिक, क्षेत्रगत गुरु योजना तर्जुमा र संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यान्वयनमा ल्याइने छ ।

७ सामाजिक सुरक्षा तथा पञ्जिकरणको कार्यलाई व्यवस्थित छिटो छरितो गर्न वडाबाटै Online व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा भत्ता प्रविष्टीको व्यवस्था मिलाइने छ ।

८ कर्मचारीको सेवा सुरक्षा प्रत्याभूत गर्न कर्मचारी कल्याण कोष लागु गर्न आवश्यक जोड दिइनेछ।

९ स्थानीय न्याय सम्पादनमा संलग्न मेलमिलाप केन्द्रका मेलमिलाप कर्ताहरुलाई न्याय निरुपन तथा मेलमिलाप सम्बन्धी तालिम संचालन गरिनेछ ।

१० न्यायिक समितिको इजलास व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

११ गाउँपालिका तथा मातहतका शाखा, कार्यालय र इकाईबाट प्रदान गरिने छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह गर्नको सबै शाखा, कार्यालय र इकाइमा फर्निचर र विद्युतीय उपकरणहरुको व्यवस्था गरिनेछ

१२ गाउँपालिका तथा वडा कार्यालयहरुमा संकलन गरिने राजश्वलाई चुस्त दुरुस्त र पारदर्शीरुपमा संकलन गर्न SuTRA अन्तरगतको राजश्व व्यवस्थापन सम्बन्धी मोड्युलको प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरी आगामी आर्थिक वर्षदेखि SuTRA अन्तरगतको राजश्व व्यवस्थापन सम्बन्धी मोड्युल कार्यान्वयनमा ल्याइने छ ।

१३ करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ

१४ गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

१५ नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै यस शिवालय गाउँपालिकालाई सूचनामैत्रि गाउँपालिका घोषणा गरिनेछ।

१६ सूचना प्रविधि मैत्रि वनाउनका लागी ईमेल, ईन्टरनेट, वेभपेज, मोवाईल एप्स, मोवाईल, Digital Information Desk with Citizen Charter, समुहगत एसएमएस, Face Redding and Finger touch attending system, Facebook, आन्तरिक सूचना प्रवाहका लागि CUG सिम, आदीले संचार प्रविधि मैत्रिका लागी विभिन्न साधनहरु जस्तै कम्प्यूटर, ल्यावटेव, मोवाईल, टेलिफोन, प्याक्स, फोटोकपि, प्रिन्टर, प्रोजेक्टर, आदी प्रयोगमा ल्याइने छ।

१७ कागजी प्रयोगलाई कम गर्ने कार्यलाई प्रोत्साहन दिदै वेभसाईट, एसएमएस, कम्प्यूटर, पेनड्राइभ, प्रोटेवल हार्डडिस्क, ल्यावटेव लगायत मोवाईल एप्सको प्रयोगमा वृद्धि ल्याइने छ र फाईलको ढड्डालाई विस्तारै कम प्रयोगमा ल्याउने कार्यलाई प्रत्सोहान गरिने छ ।

१८ सबै वडा कार्यालयहरुलाई पालिकासंग जोड्न )Centralize System)को निमार्णका लागि सामान खरिद गरि सञ्चालनका लागि आवश्यक व्यवस्थापन गरिने छ । यस सिस्टम सञ्चालनमा आएपछि इन्टरनेटको प्रयोगमा समस्याहरु हटेर जाने छन् भने सूचना प्रविधि शाखाबाट वडा स्तरमा इन्टरनेटको व्यवस्थापन गर्न सकिने छ र आन्तरीक डाटा व्यवस्थापन र इन्टरनेट विना पनि वडा स्तरका सेवा प्रवाहलाई व्यवस्थित गर्न सकिने छ।

१९ कार्यालयमा (E-Attendance) औंला छापको माध्यमबाट हाजिरी गर्ने प्रविधि प्रयोगमा ल्याईने छ जसले कार्यालय आएको समय र कार्यालयबाट बाहिर गएको समय हेर्न सकिन्छ भने कर्मचारीको विदालाई समेत व्यवस्थापन गर्न सजिलो हुनेछ ।

२० सबै कर्मचारीहरुलाई क्षमता अभिबृद्धी गर्न बेला बेलामा कम्युटर तथा सूचना प्रबिधि सम्बन्धी तालिम दिईने व्यवस्था गरिनेछ ।

२१ लेखा शाखा, राजश्व शाखा, दर्ता चलानी, भण्डारण शाखा, पञ्जिकरण शाखामा सफ्टवेयरबाट आफ्नो शाखाको कार्य गर्न तालिमको आवश्यकता पहिचान गरि आ-आफ्नो शाखाको जिम्मेवारी अनुसार सफ्टवेयर व्यवस्था गरि कामलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

२२ पालिकालाई नागरिक सूचना मैत्री बनाइनेछ।

२३ गाउँपालिका एवं विभिन्न निकायबाट संचालन हुने आयोजना तथा कार्यक्रमहरु दिगो, प्रभावकारी र समन्यायोचित वितरणको लागि टोल विकास संस्था गठन तथा परिचालन गरिनेछ।

२४ पालिका बस सेवालाई प्रभावकारी र नागरिकमैत्री बनाई सार्वजनिक यातायात सेवा सर्वसुलभ र सहज तुल्याइनेछ।

२५ गाउँपालिकाको सम्पति, सार्वजनिक सम्पतिको सुरक्षा गर्नको लागि नगर प्रहरीको व्यवस्था गरिनेछ।

**सभाका उपाध्यक्षज्यू**
**तथा सभाका सदस्यज्यूहरु**

अन्तमा प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्दा आवश्यक रचनात्मक सल्लाह सुझाव दिनु हुने सभाका उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, शिवालय गाउँपालिकामा क्रियाशील राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, सरकारी तथा गैर सरकारी निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरु, विकास साझेदार निकायका प्रतिनिधिज्यूहरु, नागरिक समाजका प्रबुद्ध व्यक्तित्वज्यूहरु, संचारकर्मी मित्रहरु, विभिन्न पेशागत संघ संगठनका प्रमुख तथा प्रतिनिधिज्यूहरु, यस कार्यमा खटिने निमित्त प्रमुख प्रशासकीय अधिकृत लगायत सम्बद्ध कर्मचारीहरु र शिवालयबासी आम नागरिकहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सरकारी तथा गैर सरकारी निकाय, निजी क्षेत्र, विकास साझेदार निकाय, विभिन्न संघ संस्था र आम शिवालयबासी नागरिकहरुको समान र सक्रिय सहभागिता तथा सहयोग हुने अपेक्षा लिएको छु ।

धन्यवाद

इति संवत २०८१ साल आषाढ १० गते रोज २ शुभम्

शेर बहादुर शाही

अध्यक्ष

शिवालय गाउँपालिका सिमा जाजरकोट